देवेन्द्र उप्रेती, प्रमोद भट्ट, लोकरञ्जन पराजुली र प्रत्यूष वन्त

## उच्च शिक्षा नीति, २०७२ को लेखाजोखा

# समस्या आन्तरिक, समाधान बाहिरी

**हाल सञ्चालनमा रहेका र भविष्यमा खोलिने उच्च शिक्षा प्रदायक संस्थाहरूको विकास, व्यवस्थापन र नियमनका लागि भर्खरै नेपाल सरकारले 'उच्च शिक्षा नीति, २०७२' पारित गरेको छ। यो नीतिको आधार विश्वविद्यालय अनुदान आयोगले अप्रिल २०१४ मा शिक्षा मन्त्रालयमा पेस गरेको 'उच्च शिक्षा नीतिको प्रस्तावना' हो।**

नयाँ उच्च शिक्षा नीतिको पृष्ठभूमिमा विश्व बैंकको सहायतामा सञ्चालित दोस्रो उच्च शिक्षा परियोजना (सन् २००७-१४) र उच्च शिक्षा सुधार परियोजना (२०१५-२०) रहेका छन्।

नेपालमा उच्च शिक्षाको विस्तार द्रुत भए पनि व्यवस्थित हुन नसकेको; विपन्न क्षेत्र, वर्गको समतामूलक सहभागिता हुन नसकेको; उच्च शिक्षा प्रदायक संस्थाहरूमा उपयुक्त शैक्षणिक एवं प्राज्ञिक वातावरण कायम हुन नसकेको; उच्च शिक्षा प्रदायक संस्थाहरूबीच समन्वय हुन नसकेको तथा उच्च शिक्षा प्रदायक संस्थाहरू अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी हुन नसकेको जस्ता पक्षलाई नयाँ नीतिले प्रमुख समस्याको रूपमा पहिचान गरेको छ। र, यी समस्या समाधानका लागि विभिन्न उपाय समेत प्रस्तुत गरिएका छन्। तर, उच्च शिक्षा प्रदायक संस्थाहरूको आन्तरिक व्यवस्था सुधार गर्नेभन्दा पनि बाह्य प्रबन्ध (गभर्नेन्स) मै ती उपाय केन्द्रित छन्।


सन् १९९० को राजनीतिक परिवर्तनपछि गठित शिक्षा आयोगहरूले 'अधिकारको केन्द्रीकरण' लाई उच्च शिक्षाको व्यवस्थापनमा देखा परेका मूलभूत समस्याका रूपमा किटान गरेका छन् र संस्थागत स्वायत्तता, विकेन्द्रीकरण र उच्च शिक्षण संस्थाको सबल आन्तरिक व्यवस्थापनलाई उच्च शिक्षा सुधारको मूल आधार मानेका छन्। यही कालखण्डमा विश्व बैंकको सहयोगमा सञ्चालित विभिन्न उच्च शिक्षा परियोजनाले पनि (त्रिभुवन विश्वविद्यालयको) विकेन्द्रीकरण र स्वायत्ततालाई नै सुधारका प्रमुख अवयव मान्दै आएका छन्। तर नयाँ नीतिको जोड आन्तरिक व्यवस्थापन र संस्थागत स्वायत्तताको सट्टा केन्द्रीकृत नियमन र व्यवस्थापनमा छ। त्यस्तै, गैरप्राविधिक विषयहरूको सुदृढीकरण र सबलीकरणको मुद्दालाई यो नयाँ नीतिले बेवास्ता गरेको छ।

**अहिले विश्वविद्यालयहरूको आन्तरिक गभर्नेन्स ती संस्थामा भएको दलीयकरणले कमजोर भएको हो। विश्वविद्यालयका भीसी, रेक्टर, रजिष्ट्रार र शिक्षक तथा कर्मचारीको भर्ना, सरुवा, बढुवामा दलीय भागबन्डाले विश्वविद्यालयको प्राज्ञिक वातावरण कमजोर बनाएको छ।**

### समस्या आन्तरिक, समाधान बाहिरी

नयाँ नीतिले विश्वविद्यालयको आन्तरिक 'गभर्नेन्स' लाई सबल बनाउनेभन्दा पनि नयाँ संस्थागत संरचना मार्फत उच्च शिक्षण संस्थाको नियन्त्रणमा जोड दिएको छ, जसले विश्वविद्यालयले हाल उपभोग गरिरहेको स्वायत्ततालाई कटौती गर्ने देखिन्छ। उच्च शिक्षा व्यवस्थापन/नियमन गर्न केन्द्रीय स्तरमा आयोग, महाशाखा, बोर्ड र समिति गरी कम्तीमा पनि नौवटा नयाँ संस्थागत संरचनाको परिकल्पना नीतिले गरेको छ। यस अन्तर्गत : १) विश्वविद्यालय अनुदान आयोगलाई थप अधिकारसहित उच्च शिक्षा आयोगमा परिणत गर्ने, २) उच्च शिक्षाको समन्वय र नियमन सरकारको दायित्वभित्र रहने भएकाले सरकारले लिएका नीति निर्देशन गर्नका लागि शिक्षा मन्त्रालयमा 'उच्च शिक्षा महाशाखा' को स्थापना गर्ने, ३) प्रतिस्पर्धाका आधारमा शिक्षक भर्ना, बढुवा, शिक्षक आचार संहिता, सेवा व्यवस्थापन एवं व्यावसायिक क्षमता अभिवृद्धि सम्बन्धी समन्वय एवं नियमन गर्नका लागि राष्ट्रिय उच्च शिक्षा सेवा आयोगको स्थापना गर्ने, ४) उच्च शिक्षामा वित्तीय नीति निर्देशन एवं कार्यान्वयन गर्न उच्च शिक्षा वित्तीय व्यवस्थापन समिति गठन गर्ने, ५) गुणस्तर सुनिश्चितता एवं प्रत्यायन प्रणालीको प्रवर्द्धन र कार्यान्वयनका लागि स्वायत्त राष्ट्रिय गुणस्तर सुनिश्चितता एवं प्रत्यायन बोर्डको स्थापना गर्ने, ६) अनुसन्धानका राष्ट्रिय आवश्यकताका साथै मानव संसाधन योजनाका आधारमा आर्थिक तथा मानव स्रोतसँग विश्वविद्यालयहरूलाई आबद्ध गर्न उच्च शिक्षा अनुसन्धान परिषद्को स्थापना गर्ने, ८) राष्ट्रिय पाठ्यक्रम प्रारूप बोर्ड गठन गर्ने, र ९) विद्यार्थी वित्तीय सहायता कोषको दिगो व्यवस्थापन गर्न हाल सञ्चालनमा रहेको विद्यार्थी वित्तीय कोषको थप सुदृढीकरण गर्ने जस्ता प्रावधान छन्।

उच्च शिक्षामा अहिले देखिएको अस्तव्यस्तता प्रशासनिक नियमनको अभावबाट उत्पन्न भएको हो भन्ने ठम्याइका साथ बनाइन लागिएका यी सबै संस्थागत संरचनाले मूलत: उच्च शिक्षण संस्थाको बाह्य गभर्नेन्समा बढी ध्यान दिएको स्पष्ट हुन्छ। तर राज्य प्रणाली संघीयतामा प्रवेश गरिसकेको अवस्थामा उच्च शिक्षालाई व्यवस्थापन/नियमन गर्न यति धेरै केन्द्रीकृत संरचना किन आवश्यक छन् भन्नेबारे भने नीतिले केही बताउँदैन।



उच्च शिक्षामा अबको प्राथमिकता 'केन्द्रीयताको सुदृढीकरण' हो अथवा विकेन्द्रीकरण ?

**उच्च शिक्षा व्यवस्थापन/नियमन गर्न केन्द्रीय स्तरमा आयोग, महाशाखा, बोर्ड र समिति गरी कम्तीमा पनि ९ वटा नयाँ संस्थागत संरचनाको परिकल्पना नीतिले गरेको छ। तर राज्य प्रणाली संघीयतामा प्रवेश गरिसकेको अवस्थामा यति धेरै केन्द्रीकृत संरचना किन आवश्यक परे भन्नेबारे नीतिले केही बताउँदैन।**

सन् १९९८ को राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले उच्च शिक्षाको गुणस्तर सुधार्न विश्वविद्यालयको आन्तरिक सक्षमतालाई अनिवार्य मान्दै विद्यार्थी केन्द्रित शिक्षण पद्धतिको विकास गर्ने, समयानुकूल पाठ्यक्रम परिमार्जन गर्ने, समृद्ध पुस्तकालय निर्माण गर्ने, अनुसन्धानलाई शिक्षणको अभिन्न अंग बनाउने र उच्च शिक्षण संस्थाहरूको प्रशासनिक व्यवस्थालाई प्राज्ञिकतामुखी बनाउने जस्ता उपाय अवलम्बन गरिनुपर्ने सुझाएको थियो। विश्वविद्यालयको आन्तरिक शैक्षिक प्रबन्धलाई बलियो बनाउन यस्ता उपाय प्रभावकारी पनि हुन्छन्।

अहिले विश्वविद्यालयहरूको आन्तरिक गभर्नेन्स ती संस्थामा भएको दलीयकरणले कमजोर भएको हो। विश्वविद्यालयका प्रमुख कार्यकारी पद, शिक्षक तथा कर्मचारी भर्ना, सरुवा, बढुवामा दलीय भागबन्डा र अनियमित शैक्षिक क्यालेन्डरले विश्वविद्यालयको प्राज्ञिक वातावरण कमजोर बनाएको छ। यस्तो अवस्थामा उच्च शिक्षाको प्राज्ञिक वातावरण सुधार्न केन्द्रीकृत बोर्ड, आयोग, समिति वा परिषद् गठन गर्नेभन्दा विश्वविद्यालय/उच्च शिक्षण संस्थाभित्र अध्ययन-अनुसन्धान उन्मुख आन्तरिक प्रबन्धलाई बलियो बनाउने खालका संरचनाको विकास गर्नेतर्फ नीतिको जोड हुनुपर्थ्यो।

नयाँ बनाउने भनिएका केही संस्थागत संरचना/प्रावधानले हाल विश्वविद्यालयले उपभोग गरिरहेका अधिकारलाई समेत प्रत्यक्ष कटौती गर्नेछन्। उदाहरणका लागि 'राष्ट्रिय उच्च शिक्षा सेवा आयोग' लाई लिन सकिन्छ। नीतिले "प्रतिस्पर्धाका आधारमा शिक्षक भर्ना, बढुवा, शिक्षक आचार संहिता, सेवा व्यवस्थापन एवं व्यावसायिक क्षमता अभिवृद्धि सम्बन्धी समन्वय एवं नियमन गर्नका लागि एक राष्ट्रिय उच्च शिक्षा सेवा आयोगको स्थापना गर्ने" उल्लेख गरेको छ। हालसम्म विश्वविद्यालयलाई आवश्यक पर्ने शिक्षक र अन्य प्रशासनिक जनशक्तिका लागि प्रत्येक विश्वविद्यालय अन्तर्गत छुट्टै 'विश्वविद्यालय सेवा आयोग' रहने व्यवस्था भएकोमा नयाँ नीति अनुरूप अब सबै विश्वविद्यालयका लागि आवश्यक पर्ने जनशक्तिको आपूर्ति सो आयोगले गर्नेछ। भर्खरै बनेको नयाँ संविधानले पनि संघीय लोकसेवा आयोगले सबै सरकारी विश्वविद्यालयका पदपूर्ति गर्ने व्यवस्था गरेको छ।

विश्वविद्यालयको स्वायत्तताको दृष्टिबाट विश्वविद्यालय सेवा आयोग मार्फत शिक्षक र अन्य प्रशासनिक जनशक्ति छान्ने प्रक्रिया नै सैद्धान्तिक हिसाबले उत्तम विकल्प हो। सतहमा हेर्दा विश्वविद्यालयमा शिक्षण जनशक्ति नियुक्ति गर्ने काम प्रशासनिक जस्तो देखिए पनि यसले विश्वविद्यालयको प्राज्ञिक गतिविधिसँग प्रत्यक्ष सम्बन्ध राख्छ। तर नयाँ नीतिले व्यवस्था गरेको 'राष्ट्रिय उच्च शिक्षा सेवा आयोग' को प्रावधानले १) आफूलाई आवश्यक पर्ने शिक्षक र अन्य प्रशासनिक जनशक्ति समेत नियुक्ति गर्न नसक्ने निरीह संस्थाको रूपमा विश्वविद्यालयलाई परिणत गर्नेछ; २) विश्वविद्यालयमा शिक्षक/कर्मचारी नियुक्ति प्रक्रियालाई अझ बढी झञ्झटिलो र सुस्त बनाउने छ; ३) छानिएर आएका शिक्षक/कर्मचारीको विश्वविद्यालयप्रतिको जवाफदेहितामा संकुचन ल्याउने छ (जुन विश्वविद्यालयको संस्थागत विकासका लागि दुर्भाग्य हुनेछ)।

त्यसै गरी नयाँ नीतिमा निजी तथा सामुदायिक तहमा सञ्चालन भएका उच्च शिक्षण संस्थालाई विभिन्न शैक्षिक कार्यक्रमका लागि विश्वविद्यालयले सम्बन्धन दिने कार्यको समन्वय विश्वविद्यालय समन्वय समितिले गर्ने र उच्च शिक्षा आयोगको निर्णय अन्तिम हुने व्यवस्था गरिएको छ। यसले विश्वविद्यालयले अहिलेसम्म निजी शिक्षण संस्थालाई विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन 'सम्बन्धन' मा उपभोग गरिरहेको अधिकारलाई धेरै हदसम्म कटौती गर्नेछ। निजी तथा सामुदायिक क्याम्पसले विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न विश्वविद्यालयबाट स्वीकृति लिनुपर्ने सम्बन्धनको सवाल अब उच्च शिक्षा आयोग मार्फत नियन्त्रित हुनेछ।

पछिल्लो समय निजी उच्च शिक्षण संस्थालाई विभिन्न शैक्षिक कार्यक्रम (विशेष गरी बजारमुखी प्राविधिक शिक्षा) सञ्चालनका लागि स्वीकृति दिने क्रममा अनियमितता भएका खबरले विश्वविद्यालयहरूलाई विवादित तुल्याएका छन्। सरसरती हेर्दा निजी शिक्षण संस्थालाई सम्बन्धन दिने अन्तिम अधिकार उच्च शिक्षा आयोगलाई दिने नीतिगत प्रावधानले अहिले सम्बन्धनमा हुने चलखेललाई कसरी कम गर्छ या रोक्छ, त्यो प्रष्ट हुँदैन। यसले सम्बन्धन लिएर नयाँ शिक्षण संस्था खोल्न खोज्नेका लागि थप एउटा तह सिर्जना गरिदिएको छ। त्यस बाहेक यो प्रावधानले

सम्बन्धन लिने शिक्षण संस्था र सम्बन्धन दिने विश्वविद्यालयबीच दूरी पैदा गर्ने सम्भावना छ, किनकि सम्बन्धन लिने संस्थाको जवाफदेहिता विश्वविद्यालयप्रति भन्दा पनि समन्वय समिति या आयोगतर्फ रहनेछ। तसर्थ यस्तो व्यवस्थाले समस्याको समाधान गर्नुभन्दा पनि नयाँ समस्या सिर्जना गर्न सक्छ।

## साधारण शिक्षाको बेवास्ता

नेपालको उच्च शिक्षाका समस्या मूलत: विज्ञान तथा प्रविधि सम्बन्धी विषयभन्दा पनि साधारण शिक्षा भनिने मानविकी र सामाजिक विज्ञानसँग सम्बन्धित छन्। उच्च शिक्षाबारे प्रकाशित पछिल्लो तथ्यांकले कुल विद्यार्थी भर्नामध्ये ऋण्डै ८८ प्रतिशत साधारण शिक्षा (मानविकी तथा सामाजिकशास्त्र, व्यवस्थापन, शिक्षा आदि) तर्फ रहेको देखाउँछ। तर, साधारण शिक्षामा विद्यार्थी उत्तीर्ण दर निकै कम (करीब ३० प्रतिशत) छ। विद्यार्थीको नियमितता, नियमित कक्षा सञ्चालन तथा शिक्षण शैलीका समस्या प्राविधिकभन्दा साधारण शिक्षामा बढी छन्। तर नयाँ नीतिमा साधारण शिक्षाबारे केही उल्लेख छैन। मुनाफा हुने प्राविधिक शिक्षामा जोड दिँदै भनिएको छ– "उच्च शिक्षालाई सीपसँग आबद्ध गर्ने र प्राविधिक तथा वैज्ञानिक शिक्षाका अवसरहरू वृद्धि गर्दै लगिनेछ।"

राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको हिस्सा क्रमश: घट्तै गइरहेको परिप्रेक्ष्यमा राज्यले उच्च शिक्षामा ठूलो मात्रामा लगानी बढाउने सम्भावना तत्काल देखिँदैन। (सन् २००१ मा शिक्षा बजेटको २१ प्रतिशत उच्च शिक्षाका लागि छुट्याइएको थियो, जुन सन् २०१४-०१५ मा आइपुग्दा ८ प्रतिशतको हाराहारीमा ऋरेको छ।) त्यसैले राज्यले प्राविधिक शिक्षामा लगानी गर्ने भने पनि त्यो लगानी उल्लेख्य नहुने निश्चितप्राय: छ। नीतिले "उच्च शिक्षाको विकासका लागि सार्वजनिक, सामुदायिक, निजी र साझेदारी कार्यलाई प्रोत्साहित गरिनेछ" भनेको छ तर बजारमा सजिलै बिक्ने र लगानी छिट्टै उठ्ने केही निश्चित प्राविधिक विषयमा बाहेक राष्ट्रिय प्राथमिकताका आधारमा निजी क्षेत्रले बिनासरकारी अनुदान स्व:स्फूर्त लगानी गर्ला भनेर आशा गर्न सकिँदैन। साधारण शिक्षामा ठूलो निजी लगानीको सम्भावना ज्यादै कम भएको पृष्ठभूमिमा निजी तथा सामुदायिक लगानीलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था हुन जरूरी थियो, जुन नीतिमा छैन।

साधारण शिक्षाले प्राविधिक शिक्षामा जस्तो तत्कालै रोजगारी सिर्जना नगर्ला तर समाज बुझ्ने र बहुल विचारलाई स्वीकार गर्न सक्ने, आफ्ना र अरूका विचारलाई आलोचनात्मक रूपमा ग्रहण गर्ने, सामाजिक संरचना, सम्बन्ध र प्रक्रिया बुझ्ने र प्रश्न गर्न सक्ने लोकतान्त्रिक नागरिकको निर्माणका लागि हामीकहाँ 'साधारण' भनिने गरेको शिक्षा नै समृद्ध हुनु जरूरी हुन्छ। साधारण शिक्षाले रोजगार सिर्जना गर्दैन भन्ने बुझाइ पनि आफैमा आश्चर्य लाग्दो र धेरै हदसम्म राजनीतिक छ।

**साधारण शिक्षामा विद्यार्थी उत्तीर्ण दर निकै कम (करीब ३० प्रतिशत) छ। विद्यार्थीको नियमितता, नियमित कक्षा सञ्चालन तथा शिक्षण शैलीका समस्या पनि प्राविधिकभन्दा साधारण शिक्षामै बढी छन्। तर नयाँ नीतिमा साधारण शिक्षाबारे केही उल्लेख छैन।**

ज्ञानमा आधारित समाज निर्माणका लागि समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास, भाषा संस्कृति र साहित्य जस्ता विषय प्राविधिक जत्तिकै अपरिहार्य छन्। हामीले खोजेको बहुलता स्वीकार गर्न सक्ने समावेशी लोकतन्त्रका आधारस्तभ भनेका साधारण शिक्षाबाट दीक्षित भएका नागरिक हुन्। उच्च शिक्षामा विज्ञान/प्रविधिभन्दा साधारण शिक्षामा धेरै समस्या रहेको वर्तमान अवस्थामा साधारण शिक्षामा विद्यमान समस्यालाई नीतिले यो हदसम्मको बेवास्ता गर्नु आश्चर्यजनक छ। यसबाट नीति कार्यान्वयन भए पनि साधारण शिक्षाका विभिन्न संकायले भोगेका समस्य/चुनौती सम्बोधन हुने देखिँदैन।

## समतामूलक सहभागिताको प्रश्न

पछिल्ला दशकमा उच्च शिक्षामा सामुदायिक/निजी क्षेत्रको सहभागिताले विद्यार्थी भर्ना दर र शिक्षण संस्था संख्यामा तीव्र विस्तार भएको छ। उदाहरणका लागि सन् १९९०/९१ र २०१२/१३ को बीचमा उच्च शिक्षामा अध्ययनरत विद्यार्थी संख्यामा ६०० प्रतिशतले वृद्धि भएको छ। सोही अवधिमा उच्च शिक्षा प्रदायक संस्थाहरूको संख्या ५४० प्रतिशतले वृद्धि भएको छ। उच्च शिक्षामा बढ्दो विद्यार्थी भर्ना दर र घट्तो सरकारी लागानीलाई तादात्म्य मिलाउन प्रस्तुत नीतिले उच्च शिक्षामा सामुदायिक एवं निजी लगानी प्रोत्साहन गर्ने भनेको छ, जुन हामीले प्रयोग गर्दै आएको 'कस्ट सेयरिङ' को अवधारणा हो।

सन् १९९० पछि निजीकरण मार्फत उच्च शिक्षामा भएको यो विस्तार सामाजिक न्याय र क्षेत्रीय सन्तुलनका हिसाबले समस्यापूर्ण छ। यसले एकातिर बजारमा सजिलै बिक्न सक्ने 'खास प्रकारका शैक्षिक कार्यक्रम' मात्र विस्तार हुने सक्ने वातावरण सिर्जना गरेको छ भने अर्कोतर्फ उच्च शिक्षालाई महँगो बनाएको छ। फलत: आर्थिक रूपमा विपन्नहरूका लागि उच्च शिक्षाको पहुँच थप टाढा पुगेको छ। हुन त सामाजिक न्यायका हिसाबले उच्च शिक्षाको उपलब्धता शुरूदेखि समतामूलक थिएन। त्रिभुवन विश्वविद्यालयका ६० आंगिक क्याम्पस (जहाँ न्यून शुल्कमा पढ्न सकिन्छ) मध्ये करीब आधा (२८ वटा) मध्यमाञ्चलमा खोलिए जब कि सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलमा क्रमश: तीन र पाँचवटा मात्र आंगिक क्याम्पस थिए।

नयाँ नीतिले उच्च शिक्षाको पहुँच पुग्न नसक्ने दुर्गम स्थान र वैकल्पिक पहुँचको आवश्यकता पर्नेहरूलाई खुला विश्वविद्यालय र दूर शिक्षा प्रणालीको संस्थागत विकास गर्ने भनेको छ। विद्यालय शिक्षामा दूर शिक्षा प्रणालीले राम्रो गरेको अनुभव हामीसँग छैन, त्यसैले उच्च शिक्षामा दूर शिक्षा प्रणालीको विकास गरी उच्च शिक्षामा पहुँच वृद्धि गर्ने कुरामा शंका गर्न सकिन्छ।

त्यस्तै, आर्थिक रूपले विपन्न, पछाडि परेका वर्ग/समुदाय एवं दुर्गम क्षेत्रमा बसोबास गर्नेहरूका लागि छात्रवृत्ति, सहुलियत ऋण र स्वआर्जनद्वारा अध्ययन गर्ने प्रावधान तथा प्रचलित कानून अनुसार आरक्षणको व्यवस्था गर्ने जस्ता कार्यक्रमलाई नीतिले अगाडि सारेको छ, जुन अहिले पनि अभ्यास भइरहेको छ। तर, आर्थिक रूपले विपन्न एवं दुर्गम क्षेत्रमा बसोबास गर्नेहरूका लागि उच्च शिक्षामा सहज पहुँचका लागि यस प्रकारका आम प्रावधान तथा कार्यक्रम पर्याप्त होइनन् र यिनको कार्यान्वयनमा पनि थुप्रै चुनौती छन्। मूलत: यस्ता प्रावधानले गर्दा उचित 'टार्गेटिङ' को अभावमा वास्तविक सीमान्तकृतसम्म कार्यक्रम पुग्न नसकेको आरोप लाग्दै आएको छ। यी कार्यक्रमको सट्टा विश्वविद्यालयहरूलाई नै नवीन किसिमका सकारात्मक अभ्यास गर्नका लागि प्रोत्साहित गर्न सकिन्छ। उदाहरणका लागि राज्यद्वारा दिइने अनुदान विश्वविद्यालयले प्रवर्धन गर्ने विविधतासँग प्रत्यक्ष जोड्न सकिन्छ।

## नीति कार्यान्वयनका जटिलता

दाताले धकेलेरै सही, नीति तर्जुमा र लागू त भयो तर यसको सफल कार्यान्वयनमा शंका गर्ने ठाउँ प्रशस्तै छ। पहिलो, प्रस्तुत नीति कार्यान्वयन गर्न 'एकीकृत उच्च शिक्षा ऐन' (पहिले विश्वविद्यालय छाता ऐन भनिएको) तर्जुमा गर्नु अनिवार्य छ। किनकि, नीतिमा "एकीकृत उच्च शिक्षा ऐनका आधारमा विश्व विद्यालयहरूको सञ्चालन, व्यवस्थापन र नियमन गरिने" उल्लेख छ। यो ऐन बनेपछि विश्वविद्यालय अनुदान आयोग ऐन र उच्च शिक्षाको क्षेत्रमा हाल कार्यान्वयनमा रहेका विभिन्न ऐनहरू समेत यो ऐनबाट प्रभावित (वा खारेज) हुन्छन्। त्यसैले 'एकीकृत उच्च शिक्षा ऐन' तर्जुमा गर्ने कार्य नीति कार्यान्वयनको सबैभन्दा जटिल पक्ष हो। विगतको अनुभवलाई हेर्दा एकीकृत उच्च शिक्षा ऐन सहजै बन्ने देखिँदैन। सबै सरोकारवालाहरूको सहमति कायम गरी संसद्ले यस सम्बन्धी विधेयकलाई स्वीकृत गरेपछि मात्र ऐन बन्नेछ।

एकीकृत उच्च शिक्षा ऐनका लागि प्रयत्न हुन थालेको केही समय भइसकेको छ। शिक्षा मन्त्रालयले २०६७ मा 'उच्च शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' को मस्यौदा तर्जुमा गरी थप छलफलका लागि संसद् सचिवालयमा दर्ता गरेको थियो। शिक्षा मन्त्रालयको बुझाइमा उच्च शिक्षामा हुने अव्यवस्था र अनियमितालाई कम गर्न विश्वविद्यालय छाता ऐन आवश्यक छ। सोही बुझाइ अनुसार 'एकीकृत उच्च शिक्षा ऐन' अहिलेको नीतिमा आएको हो। तर विगतको विधेयकले ऐनको रूप लिन नसक्नुमा विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक र कानूनविद्हरूको विरोध जिम्मेवार छ। विश्वविद्यालय छाता ऐनले उच्च शिक्षालाई थप केन्द्रीकृत गर्ने र विश्वविद्यालयमा रहने स्वायतत्तालाई कमजोर पार्ने भन्दै उनीहरूले यसको विरोध गर्दै आएका छन्।

## अन्त्यमा

कुनै पनि सार्वजनिक नीतिको विश्लेषण गर्दा सम्बन्धित क्षेत्रमा विद्यमान समस्यालाई सम्बोधन गर्नका लागि उक्त नीति पर्याप्त छ कि छैन भन्ने पक्ष महत्त्वपूर्ण हुन्छ। यो दृष्टिबाट हेर्दा नयाँ नीतिले उच्च शिक्षामा देखिएका समस्यालाई ठोस रूपमा समाधान गर्नका लागि मार्गनिर्देश गर्न सकेको पाइँदैन। मूलत: समस्या आन्तरिक गभर्नेन्समा छ, तर नीतिको ध्यान बाहिरी प्रबन्धमा ज्यादा छ। नीतिमा सबै विषयवस्तु समेट्न नसकिने हुँदा ऐन-नियममा थप व्याख्या गरिनेछ भन्ने तर्क पनि गर्न सकिएला तर नीतिलाई कानूनले होइन, नीतिले कानूनलाई डोऱ्याउनु पर्छ।

उच्च शिक्षा अस्तव्यस्त भयो, उच्च शिक्षण संस्थामा अनियमितता भयो, विश्वविद्यालयहरू व्यवस्थित/प्राज्ञिक हुन सकेनन् वा विश्वविद्यालयका गतिविधिहरू पारदर्शी भएनन्, त्यसैले विश्वविद्यालयमा सरकारी नियन्त्रण आवश्यक छ भन्ने नीतिगत सोचाइ र तदनुरूपको व्यवस्थाले उच्च शिक्षालाई सुधार्न सकिँदैन। विश्वविद्यालयको सुधार विश्वविद्यालयभन्दा बाहिर खोज्ने वा उच्च शिक्षण संस्थाहरूलाई व्यवस्थित र नियमन गर्ने वहानामा केन्द्रीकृत आयोग, परिषद्, बोर्ड वा समितिहरूले उच्च शिक्षाको सुधारको डोरेटो कोर्दैन। बरु यसले भएका उच्च शिक्षा संस्थाहरूलाई थप दुर्बल बनाउन सक्छ। त्यसैले उच्च शिक्षा सम्बन्धी अबको छलफल विश्वविद्यालयहरूको स्वायत्ततालाई अक्षुण्ण राख्तै विश्वविद्यालयभित्र कस्तो संयन्त्र विकास गर्न सकियो भने विश्वविद्यालयहरू प्राज्ञिक रूपमा सक्षम हुन सक्छन् भन्नेतर्फ केन्द्रित हुनुपर्छ।



